**International Research Journal of MMC (IRJMMC)**
**ISSN 2717-4999 (Online) | 2717-4980 (Print)**
**Volume 6, Issue 5 │ December 2025**

# सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा प्रगतिशीलता
# (*Asare* Songs prevalent in Sindhupalchok District)

**Bipen Bishwokarma**

**Corresponding Author**
**Bipen Bishwokarma**
Email: aadimabpn@gmail.com

**To Cite this article:** Bishwokarma, B. (2025). सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा प्रगतिशीलता (Asare songs prevalent in Sindhupalchok district). *International Research Journal of MMC,* 6(5), 11–25. https://doi.org/10.3126/irjmmc.v6i5.89027

**Submitted**: 18 September 2025 **Accepted:** 15 December 2025 **Published:** 31 December 2025

## लेखसार
सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा प्रगतिशीलताको खोजी गर्नु यस अध्ययनको मुख्य विषय हो । यसै सन्दर्भमा सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा के कस्तो प्रगतिशील चेत कसरी प्रयोग भएको पाइन्छ भन्ने मूल समस्याको समाधान गर्ने उद्देश्य यसमा रहेको छ । यसमा निगमनात्मक विधिको उपयोग गरिनुका साथै पाठविश्लेषण पद्धतिको प्रयोग गरी गीतको अध्ययन गरिएको छ । क्षेत्रीय भ्रमणबाट प्राथमिक स्रोत सामग्री र पुस्तकालयबाट द्वितीयक स्रोत सामग्रीको सङ्कलन गरिएको छ । यहाँ प्रगतिवादी सिद्धान्तबाट सैद्धान्तिक आधार तय गरिएको छ । यसै सैद्धान्तिक अवधारणको आलोकमा वर्गीय उत्पीडनको प्रस्तुति, जातीय तथा लैङ्गिक विभेदको प्रस्तुति, पितृसत्तावादले निम्त्याएको समस्याको उजागर, सामाजिक तथा संस्कृतिक पहिचानको खोजी, प्रकृति र श्रमप्रति सम्मान भाव प्रकट र सङ्घर्षको निरन्तरता, मानवीय जीवनलाई खुसी र सुखी बनाउने चाह प्रकट गरी यी छओटा आधार तय गरी सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतको विश्लेषण गरिएको छ । उक्त विश्लेषणका आधारमा सिन्धुपाल्चोक जिल्लाको लोकसमाजमा गाइने असारे गीतमा प्रगतिशीलचेत सशक्त रहेको निष्कर्ष निकालिएको छ ।

***शब्दकुञ्जी:*** असारे गीत, आली, बाउसे, ब्याडे, बेठी, प्रगतिशीलता,

## Abstract
The Main subject of this study is to explore the progressiveness in the Asare songs prevalent in Sindhupalchok district. In this context the main objective of this study is to address the central problem of how and what kinds of progressive consciousness are reflected in the Asare songs prevalent in Sindhupalchok district. Along with the use of the deductive method, the study has been conducted by applying the text analysis (meta) approach. Primary source materials have been collected through field visits and secondary Source Materials have been gathered from the library. Here the theoretical Framework has been developed based on the progressive theory. In the light of this theoretical concept six bases have been developed to analyze the Asare songs prevalent in Sindhupalchok district. These include: the representation of class oppression, they depiction of



©2025 The Author(s).

ethnic and gender discrimination, the exposure of problems caused by patriarchy, the search for social and cultural identity, the expression of respect toward nature and labor and the revelation of continuous struggle along with the desire to make human life happy and prosperous .Based on this analysis, it has Been concluded that the Asare songs sung in the folk society of Sindhupalchok district contain a strong Sense of progressive consciousness.

***Keywords:*** Asare songs, Aali, Bause, Byade, Bethi, progressiveness

## १. विषयपरिचय

प्रस्तुत अध्ययनको विषय सिन्धुपाल्चोक जिल्लामा प्रचलित विभिन्न श्रमगीतमध्ये एक असारे गीतमा पाइने प्रगतिशील पक्ष र तिनले लोकजीवनमा पारेको प्रभावको मूल्याङ्कन रहेको छ। सिन्धुपाल्चोक जिल्ला वागमती प्रदेशमा पर्दछ । यो उत्तरमा चीनसँग सिमाना जोडिएको हिमाली जिल्ला हो खेतमा आली लगाउने, बाउसे गर्ने, पानीको कुलो लगाउने, बिऊ काढने, बिउ बोक्ने, रोप्ने, गोरु जोत्ने, खलो बाँध्ने सिमेभूमेको पुजा गर्ने, बेठी लगाउने आदि काम गर्दा सबै महिला पुरुषहरूले असारे गीत गाउँछन्। कतै कतै बेठी बाजाको तालमा र अधिकांश क्षेत्रमा बाजाबिना असारे गीत गाउँदै बेठी लगाउने प्रचलन रहेको छ। लोकसाहित्यमा यथास्थितिवादी तथा अप्रगतिशील र प्रगतिशील दुबै किसिमका विचारधारा व्याप्त रहेका हुन्छन् । उत्पीडन र शोषण विरोधी हिस्साको मुक्तिकामी चेतबाट जन्मिएको लोकसाहित्य प्रगतिशील लोकसाहित्य हो

लोकगीतलाई कुनै जिल्लाको सीमाले बाँधेर अलग्याउन सकिँदैन तर भौगोलिक परिवेश, समाज र संस्कृतिअनुसार लोकगीतमा भिन्नता भने प्रष्टरूपमा नै देखिन्छन्। यस अध्ययनमा असारे गीतलाई जिल्लागत हिसाबले छुट्याउन खोजिएको किमार्थ होइन। यद्यपि सिन्धुपाल्चोक क्षेत्रको लोकसमाजलाई मूल आधार क्षेत्र चयन गरिएको चाहिँ सत्य हो। यसो गरिनुको मूल कारण यस क्षेत्रमा गाइने आफ्नै किसिमको परिवेशगत भाका र शब्दसंयोजन प्रक्रियाको विशिष्टतालाई उजागर गर्ने ध्येय हो। नेपालको पूर्वदेखि पश्चिमसम्म कतै रोपाइँ गीत, कतै रसिया र कतै ओहाली वा वाली गीत भनी यसप्रकारको श्रमगीत गाइन्छ तर यहाँ प्रस्तुत असारे गीतको उद्गमस्थल यही क्षेत्र हो। यस क्रममा उक्त जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका, मेलम्ची नगरपालिका र जुगल गाउँपालिकालाई आधार क्षेत्र बनाएर त्यहाँ के कस्ता प्रगतिशील धारका असारे गीत गाइने रहेछ भनी खोजी गरिएको छ। जसलाई यस अध्ययनको सिमाको रुपमा पनि लिन सकिन्छ। असारे गीत प्राप्त असारे गीतलाई प्रगतिशीलताकै कसीमा विश्लेषण गरिएको छ।

सालिकराम पौड्याल (सन् २०२१) ले 'रूपन्देही जिल्लामा प्रचलित लोकगीतको अध्ययन' शीर्षकमा उक्त क्षेत्रमा प्रचलित थारू, भोजपुरी र नेपाली लोकगीतको विमर्श गरेका छन्। राममणि सिटौला ( २०८१) ले नेपाल समय पत्रिकामा असारे गीतमा झल्किएको कृषिसमाजको चित्रण गरेका छन् । कृष्णप्रसाद पराजुली (२०७८) को नेपाली लोकगीतको आलोकबाट साभार गरी 'असार र असारे गीतको महत्त्व' (असारे गीतसहित) शीर्षकको लेख भ्वाइस अफ काठमाडौँ डटकमले प्रकाशित गरेको छ। यसै गरी प्रभा भट्टराई (२०८०) ले 'असारे गीत एक जीवन्त साहित्य', र सिन्धु जलेसा बुडाथोकी (२०७८) ले 'असारमा कृषि कर्म र असारे गीतको सान्दर्भिकता' शीर्षकमा लेख प्रकाशन गरेका छन् भने गजे घले (सन् २०२१) ले साहित्यसागर डट नेटमा 'कृषि सभ्यताका आकर्षक पक्ष असारे गीत र बेठी बाजा' शीर्षकमा सम्पादकीय प्रस्तुत गरेका छन्। यसरी विभिन्न ठाउँमा प्रचलित असारे लोकगीतबारे विभिन्न दृष्टिकोणबाट विमर्श भए तापनि हालसम्म सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा प्रगतिशीलताको दृष्टिकोणबाट कुनै अध्ययन/अनुसन्धान भएको देखिँदैन। तसर्थ यस रिक्तताको परिपूर्तिका लागि यो अध्ययन औचित्यपूर्ण रहेको छ।

## २. समस्याकथन

यस अध्ययनको मूल समस्या यसप्रकार रहेको छः

१. सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा के कस्तो प्रगतिशील चेत रहेको पाइन्छ ?

२. सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा पाइने प्रगतिशील चेतलाई कसरी प्रस्तुत गरिएको छ ?

## ३. अध्ययनको उद्देश्य

यस अध्ययनको मूल उद्देश्यलाई यसरी उल्लेख गरिन्छ:

१. सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा निहित प्रगतिशील चेत के कस्तो रहेको छ भनी अध्ययन गर्नु,

२. सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा प्रगतिशील चेतलाई कसरी प्रस्तुत गरिएको छ भनी अध्ययन गर्नु ।

## ४. अध्ययनविधि

प्रस्तुत लेखमा लेखमा प्राथमिक सामग्रीका रूपमा सिन्धुपाल्चोकको चौतारासाँगाचोक गढी नगरपालिका, मेलम्ची नगरपालिका र जुगल गाउँपालिकाका स्थानीय बासीहरूले खेतिपाती लगाउने असार, साउनको बेला गाउने असारे गीतलाई लिइएको छ । असारे गीतमा प्रयुक्त प्रगतिशीलताको अध्ययनका लागि विभिन्न लोकसाहित्य र प्रगतिशील साहित्यका अध्यताले गरेका अध्ययन सामग्रीलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ। यहाँ क्षेत्रीय अध्ययन विधिबाट प्राथमिक स्रोत सामग्री र पुस्तकालयबाट द्वितीयक स्रोत सामग्रीको सङ्कलन गरिएको छ । यी दुवै प्रकारका सामग्रीलाई यथोचित प्रयोग गरी यस अनुसन्धानलाई गुणात्मक प्रकृतिको बनाइएको छ । असारे गीतको प्रगतिशील पक्षबारे विश्लेषण गर्न यी दुबै स्रोत सामग्रीको उपयोग गरी सैद्धान्ति अवधारणा तयार गरिएको छ । प्रगतिशीलताको दृष्टिले असारे गीतको विश्लेषणबाट यी दुवै सामाग्रीको व्यवस्थापन गर्दै अर्थापन गरिएको छ । सङ्कलित असारे गीतलाई पाठविश्लेषण विधिको प्रयोग गरी अध्ययन/विश्लेषण गरिएको छ । निगमनात्मक विधिको उपयोग गरी प्रस्तुत अध्ययन कार्य गरिएको छ ।

## ५. सैद्धान्तिक आधार

प्रगतिशीलताको दृष्टिकोणबाट लोकसाहित्यको विमर्श गर्दा लोकसाहित्यभित्र रहेको प्रगतिशील पक्षको खोजी गरिन्छ । सामान्य भाषामा भन्दा जुन लोककलाले जीवनप्रति अनुराग सिर्जना गर्छ, जसले मानवजीवनलाई मूल्यवान ठान्छ र जीवन जिउन प्रेरित गर्छ, जसले लिङ्ग, वर्ण र जातजस्ता आधारमा विभेद, उपेक्षा र अर्घेल्याइँ गर्ने चेतनाबाट माथि उठेर उदात्त बन्न प्रेरित गर्छ त्यही प्रगतिशीलता हो (पाण्डेय, २०८२, पृ. ३१७)। प्रगतिशील साहित्यले समतामूलक समाज निर्माणको चाह राख्दछ । असारे गीत लोकगीत हो । लोकगीतका पनि सदाबहार लोकगीत, संस्कार लोकगीत, पर्वजन्य लोकगीत, धार्मिक लोकगीत आदि विभिन्न प्रकार छन् । तिनै प्रकार मध्ये श्रमगीत पनि एउटा हो । हामीले दैनिक व्यवहार सञ्चालन गर्न मूलतः कृषि र अन्यक्षेत्रमा जुन किसिमका श्रम गर्दै गाइने गीतलाई श्रमगीत भनिन्छ । अतः श्रम सम्बद्ध गीत नै श्रमगीत हुन् (लामिछाने २०७७ क, पृ. १७३) । श्रमगीतहरू पनि विभिन्न प्रकारका हुन्छन् । जेठे, असारे, दाई, घाँस, गोडेलो, लोरी आदि यसका उदाहरण हुन् । ती मध्ये । असारे गीतलाई रोपाईँगीत, ओहाली/वाली वा रसिया पनि भन्ने गरिन्छ (पराजुली र गिरी २०८०, पृ. ८०) । असारबाट सुरु गरेर साउन महिनाभरि पनि धान, कोदो रोप्दा गाइने गीत विशेषलाई असारे गीत भनिन्छ ।

कार्लमाक्र्स र फ्रेडरिक एङ्गेल्सले स्थापना र विकास गरेका ऐतिहासिक भौतिकवाद र द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तको कसीमा साहित्यको विश्लेषण गर्नुलाई माक्र्सवादी तथा प्रगतिवादी पद्धति भनिन्छ । लोकसंस्कृति र लोकसाहित्य सामाजिक एकाइ भएकाले लोकसाहित्यको समाजशास्त्रीय अध्ययन गर्ने पद्धति माक्र्सवादी पद्धति पनि हो (पौड्याल २०७९, पृ.३७४–३७५) । माक्र्सवादको आलोकमा प्रगतिशीलताले त्यस सिद्धान्तलाई पूरै आलोकित पार्न नसके तापनि पछ्याइरहेको हुन्छ । सम्पत्तिमा निजीकरणको सुरुआत भएपछि समाजमा विभिन्न वर्गहरू निर्माण भए । एकले अर्कालाई थिचोमिचो गर्न थाले । जात, धर्म, लिङ्ग, भूगोलका आधारमा मानिसहरूले दुःख खेप्नुपर्ने स्थिति सिर्जना भयो । जसलाई लोकले गीतका माध्यमबाट यथार्थ रूपमा प्रस्तुत गर्न थाल्यो । लोकसाहित्यमा उच्च वर्गीय विलास, थिचोमिचो, शोषण र अत्याचार पर्दाफास, निम्न वर्गीय पिडा, जातीय र लैङ्गिक असमानता, अधिभौतिकवादका कमजोरी, जीवनजगत्को द्वन्द्वात्मकता आदि विविध महत्त्वपूर्ण विषय पाइन्छन् (गिरी, २०७२, पृ. २५५) । लोकगीतमा लैङ्गिक, वर्गीय र जातीय विभेद; शोषण, दमन र उत्पीडनको यथार्थ प्रस्तुत गर्दै त्यसबाट मुक्तिको चाहना प्रकट भएको छ भने त्यसैलाई प्रगतिशील लोकगीत भनिन्छ ।

प्रगतिशील लोकसाहित्यमा समाज जेजसरी चलिरहेको छ, त्योभन्दा फरक वैज्ञानिक चेतयुक्त विचार प्रकट भएको हुन्छ । लोकसाहित्यको प्रमुख विधा लोकगीतको सिर्जना एवंः क्रीडाभूमि ग्रामीण क्षेत्र भएको र क्रान्ति एवंः परिवर्तनका संवाहक किसान, मजदुर वा आम मानिसहरू गाउँमै रहने भएकाले आफ्नो मुक्ति खातिर भएका सङ्घर्षमार्फत नै उनीहरू लोकगीतमा प्रगतिशीलता प्रवेश गराउँछन् (लामिछाने २०७७ ख, पृ. ?) । लोकगीतमा समाजका यथार्थतालाई मार्मिक र ग्राम्य लयमा प्रस्तुत गरिएको हुन्छ । भाषागत रूपमा किसान मजदूरले प्रयोग गर्ने भाषा नै हाबी हुने हुने गर्दछ । यथार्थवादी कला जहिले पनि प्रगतिशील हुन्छ (ढकाल, २०८०, पृ. २६७) ।

नेपालको परिप्रेक्षमा लोकगीत त्यसमा पनि असारे गीतलाई माक्र्सवादी दृष्टिबाट विश्लेषण गर्न असाध्यै कठिन छ किनकि लोकमा माक्र्सवादी सौन्दर्य चेतयुक्त असारे गीत कमै मात्रामा भेटिन्छन् । यद्यपि यो असम्भव कार्य भने होइन । लोकले सिद्धान्तलाई सिरानी हालेर लोकसाहित्यको रचना गरेको हुँदैन भन्ने कुरो स्पष्ट छ तर पनि विभिन्न प्रकारका असमानता र होचिअर्घेलीमाझ बाँचेका समाजमा चिन्तनको विभेद रहनु र त्यसले भिन्न भिन्न ढङ्गले लोकसाहित्यमा अभिव्यक्ति पाउनु स्वभाविक छ (गिरी, २०७२, पृ. २१३) । नेपाली लोकसाहित्यमा प्रगतिशीलता र प्रगतिवादी पक्षको खोजी र विश्लेषणको आधारबारे ताराकान्त पाण्डेय (२०८२) ले आफ्नो विचार यसरी प्रस्तुत गरेका छन्ः

> लिखित साहित्यमा जस्तो वर्गीय पक्षधरता र वैज्ञानिक चेतनाको प्रच्छन्नता लोकसाहित्यमा नहुनु अस्वभाविक होइन किनभने लोकसाहित्य लोककै आद्य अनुभूतिका निकट हुने र विज्ञानको आधुनिक चेतनाबाट समृद्ध भई सिर्जना गरिने कलाविधा नहुने भएकाले यसमा शासकीय विचारधाराले सामूहिक अवचेतनमा स्थान बनाइसकेका सापेक्षतामा त्यसको पनि अभिव्यक्ति हुन्छ । यस्तो अवस्थामा लिखित साहित्यका लागि बनाइएका मानदण्डकै कसीमा लोकसाहित्यमा प्रगतिशीलता खोज्नु उपयुक्त र न्यायसङ्गत हुँदैन भन्ने मेरो दृष्टिकोण हो । (पृ. ३१४–३१५) ।

आधुनिक लेख्य साहित्य जस्तो सिद्धान्तको खाका कोरेर साहित्य रचना गरिएको जस्तो ढाँचा लोकसाहित्यमा प्रयोग नहुने हुँदा प्रगतिशील साहित्यमा माक्र्सवादको जस्तो हुबहु सिद्धान्त लागु नहुने मत घनश्याम ढकालको पनि छ । प्रगतिशील कलासँग समाज परिवर्तनका लागि भविष्य दृष्टि हुँदैन ( २०८०, पृ.२६७) । यद्यपि यसमा यथार्थको चित्रण भने अवश्य हुन्छ । सामाजिक यथार्थ विभेद र उत्पीडन पनि हो ।

नेपाली लोकसाहित्यमा अनिश्वरवाद, पुँजीवादको विरोध जस्ता विचार खरो रूपमा प्रस्तुत भएको छैन भन्दैमा त्यसलाई अप्रगतिशील साहित्य भन्न मिल्दैन । ताराकान्त पाण्डेय (२०८२) ले लोकगीतको विश्लेषणका लागि

प्रगतिशीलताका सूचकका रूपमा १. छोरीमाथिको विभेदप्रति असन्तुष्टि, २. दलितमाथिको उत्पीडन र विभेदप्रतिको सचेतता, ३. राजनैतिक चेतना र जनसंविधानको चाहना, ४. आर्थिक विपन्नता र सामन्ती उत्पीडन, ५. दाइजोका कारण छोरीले बेहोर्नु परेको पिडा, ६. विपन्नताका कारण विदेसिनुको पीडा, ७. स्वस्थ र सुन्दर प्रणय सम्बन्धको चाहना र ८. लेकबेसीको सौन्दर्यप्रतिको दुबिधापूर्ण अनुराग (पृ. ३१८–२०) गरी यी आठ तत्त्वलाई प्रस्तुत गरेका छन् ।

प्रगतिशील साहित्यका लोकसाहित्यिक रचनाको अध्ययन गर्ने उपर्युक्त सैद्धान्तिक विमर्शका आधारमा प्रस्तुत आलेखमा सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतको विश्लेषणका लागि निम्नलिखित आधार सहितको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ:

(१) वर्गीय उत्पीडनको प्रस्तुति
(२) जातीय तथा लैङ्गिक विभेदको प्रस्तुति
(३) पितृसत्तावादले निम्त्याएको समस्याको उजागर
(४) सामाजिक तथा संस्कृतिक पहिचानको खोजी
(५) प्रकृति र श्रमप्रति सम्मान भाव प्रकट र सङ्घर्षको निरन्तरता
(६) मानवीय जीवनलाई खुसी र सुखी बनाउने चाह प्रकट ।

यहाँ यिनै छओटा सैद्धान्तिक तत्त्वका आधारमा केन्द्रित भई सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतको साक्ष्यसहित गीतमा अभिव्यञ्जित विशिष्ट पक्षको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## ६. विमर्श र परिणाम

### ६.१ सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा प्रगतिशीलताको अभिव्यक्ति

प्रगतिशील साहित्य जहिले पनि उत्पीडन विरोधी हुन्छ । यो मार्क्सवादी/प्रगतिवादी साहित्य सन्निकट देखिन्छ । सर्वहारा वर्ग निरपेक्ष उन्नति र प्रगतिको पक्षधर नहुने र यथास्थितिवादको पक्षपोषण गर्ने, वर्गीय साहित्य–कलाका विपक्षमा उभिने, सबै खाले अर्थात् वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय तथा दलित शोषण उत्पीडनबाट मुक्तिका विपरीत सुधारात्मक वा यथास्थितिमूलक विचार प्रकट गर्ने प्रवृत्ति वर्तनमान सन्दर्भमा प्रगतिशीलताभित्र रहेको देखिन्छ (भण्डारी, २०७५, पृ. १६) । यसले क्रान्ति र क्रान्तिको लागि सङ्घर्षको हाँक नदिए तापनि धनी र गरिबबिचको असमानता अन्त्य भए हुन्थ्यो भन्ने मनसाय प्रकट गर्छ । पुँजीवादी व्यवस्था, पितृसत्ताको उत्पीडन, सामन्तवादको घनचक्करबाट मुक्त हुने आकाङ्क्षा व्यक्त गर्छ । अतः प्रगतिशील साहित्य जात, धर्म, वर्ण, लिङ्ग आदिका आधारमा गरिने विभेद, शोषण, दमन र उत्पीडनको विपक्षमा नै उभिन्छ । यी र यस्तै उत्पीडन बिरोधी विशेषता बोकेका असारे गीत छन् भने ती प्रगतिशील धारका गीत हुन् । सिन्धुपाल्चोक जिल्लामा गाइने विभिन्न शैलीका असारे गीतमध्ये जजसले प्रगतिशील विचारलाई आत्मसात् गरेका छन्, तिनीहरूलाई यहाँ विमर्श गरिएको छ ।

### ६.२ वर्गीय उत्पीडनको प्रस्तुति

वर्गीय समाजमा गीतसङ्गीत पनि वर्गीय नै हुन्छन् । उत्पादन सम्बन्ध र उत्पादक शक्तिको विकाससँगै समाजमा दुई किसिमका मानिसहरू देखा पर्दछन्, जो आफ्नो परिश्रम गरी बाँचेको हुन्छ, उसलाई शोषित वर्ग भन्छन् र जो अर्काको परिश्रम लुटेर ऐस गर्छ, त्यसलाई शोषक वर्ग भनिन्छ, यही आधारमा समाज दुई वर्गमा बाँडिएको हुन्छ (अधिकारी, २०७३, पृ. ५८–५९) । समाजका उच्च तथा सम्भ्रान्त वर्गले निम्न तथा श्रमजीवि वर्गलाई गर्ने शोषण, दमन, अन्याय र अत्याचार नै वर्गीय उत्पीडन हो । वर्गीयताले अर्थसँग सिधा सम्बन्ध राख्ने हुँदा आर्थिक अभावको पिडा, साहूले ज्याला

कम दिने वा ज्याला नै नदिएर हुने पिडा आदिलाई गीतमार्फत प्रस्तुत गरिएको पाइन्छ । पुँजीवादी व्यवस्थामा धनी कामै नगरी झन् धनी हुँदै जाने तर गरिब रातदिन काम गर्दा पनि ऋणको ऋणमै डुबिरहने विषम परिस्थितिलाई पनि गीतमार्फत प्रस्तुत गरिएको हुन्छ । जस्तैः

रिन तिर्न बुढा परदेश गा'छन् म मेला परमा
म मेला परमा, हो म मेला परमा
नजाउँ त मेला बालबच्चा भोकै क्यै छैन घरमा
हो होरी हो हो हो, हो हो री हो हो हो
नजाउँ त मेला बाल बच्चा भोकै क्यै छैन घरमा
(स्रोतः घतानी, २०८२)

माथि प्रस्तुत असारे गीतमा श्रमजीवि वर्ग खानलाउनकै समस्यामा गुज्रिएका, श्रमिकहरूको श्रमको अवमूल्यन र चरम आर्थिक शोषणका कारण निम्न वर्गीय किसानहरू घरपरिवार धान्न नसक्ने स्थितिमा पुगेका, जसकारण उनीहरू साहूमहाजनसँग ऋण काढेर गर्जो टार्न बाध्य भएका, यही ऋण तिर्न परदेश भासिनु परेको, र श्रीमतीले रातदिन मेलापात गरेर बालबच्च्या पाल्ने तथा घर चलाउनु परेको नेपाली समाजको तितो यथार्थलाई प्रस्तुत गरिएको छ । घरमा खानेकुराकै अभाव भएपछि आप्mना ससाना छोराछोरीलाई घरमा अलपत्र अवस्थामै छोडेर मुटु गाँठो पारेर बर्खामा मेलापात गरी जीवन गुजारा गर्नु परेको निम्नवर्गीय पिडालाई यस गीतमा व्यक्त गरिएको छ । कलिला बालबच्चालाई सँगै मेलामा लैजान नसेको अवस्था र घरमा छोड्दा लड्लान, पानीमा भिज्लान् , डुब्लान, अरू केही नराम्रो होला कि भन्ने पिरलोमा आमाको मन जलेको कारूणिक यथार्थ गीतमा चित्रित छ । गीतमार्फत सामन्ती र शोषणकारी व्यवस्थाका कारण सबै भन्दा धेरै परिश्रम गर्नेहरूले पेटभरी खानसम्म नपाउने स्थितिलाई यसरी प्रस्तुत गरिन्छः

आज नि रोपाइँ भोलि नि रोपाइँ मेलामा जानु छ
पोलेको मकै दही र च्युरा पेटभरी खानु छ
(स्रोतः विक 'क', २०८२)

यस असारे गीतमा पनि आर्थिक उत्पीडनकै कारण श्रमजीवि किसान वर्गमा देखिएको विकराल समस्यालाई प्रस्तुत गरिएको छ । विपन्न किसानहरूको जग्गाजमिन असाध्यै थोरै हुन्छ । आफ्नै खेतबारीबाट उत्पादित खाद्यान्न तीन महिनालाई पनि पुग्दैन । यसर्थ उनीहरू पेटभरी खानकै समस्याको मारमा पिल्सनु परेको छ भन्ने भाव गीतमा आएको छ । गाउँमा प्रचलित सामान्य खाना पोलेको मकै, दही, चिउरा आदि पेटभरी खान पाइने आशमा एक दिन पनि थकाइ नमारी बर्खाभरी अरूको मेलामा जानु परेको बाध्यात्मक र कारूणिक परिवेशगत भाव यस गीतमा प्रस्तुत गरिएको छ ।

### ६.३ जातीय तथा लैङ्गिक विभेदको प्रस्तुति

कुनै पनि जात, जाति तथा लिङ्गका आधारमा गरिने विभेदजन्य कार्य नै जातीय तथा लैङ्गिक विभेद हो । बहुसांस्कृतिक र बहुजातीय समाजमा जातीय सत्ता सम्बन्धमा हुने विभेदले जातीय उत्पीडन र शोषणको जन्म हुन्छ भने लैङ्गिक विभेद पुरुष र महिलाबिच गरिने भिन्न व्यवहार हो (भट्टराई २०७८, पृ.६–७ ) । नेपाली समाजमा जात र लिङ्गकै आधारमा को ठुलो र को सानो भनी छुट्याइन्छ र त्यही किसिमको व्यवहार गरिन्छ ।

सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा मूलतः लैङ्गिक उत्पीडनलाई तीव्र रूपमा प्रस्तुत गरिएको पाइन्छ। श्रमक्षेत्रमा होस् या घरपरिवारमा महिला भएकै कारण तैँले यसो गर, यसो नगर भनी छेकबार लगाइन्छ। यस्तै आफ्नो पति वा कुनै पुरुष कुलतमा फस्यो वा गल्ती गयो भने पनि त्यसको भागीदार उसकी श्रीमती हुनुपर्छ अर्थात नारीलाई तैँ अलच्छिनीको कारणले यस्तो भयो, उस्तो भएन भनी दोषारोपण गरिन्छ। जसले गर्दा महिलाहरू दोहोरो उत्पीडनमा परिरहेका हुन्छन्। कथित तल्लो जात भनिएका वर्ग/समुदायका महिला छन् भने अझ तेहेरो उत्पीडन भोग्न बाध्य हुन्छन्। यस्ता लैङ्गिक उत्पीडनलाई गीतमार्फत यसरी गाइन्छः

मर्दकी छोरी हिन्नलाई पाइन ठाठाडो शिरले
धार्नीको ज्यान छटकमा झर्यो पति कै पिरले
(स्रोतः विक 'क', २०८२)

प्रस्तुत असारे गीतमा पुरुषलाई मर्द भनिएको छ। यस्तै महिला भएकै कारणले समाजमा ठाडो शिर गरेर हिँड्न नपाएको भाव व्यक्त गरिएको छ, कारण उसको पति हो। आफ्नो पति बिग्रँदा पिर लाग्नु त स्वभाविकै हो तर उच्च शिर गरी समाजमा हिँड्न नसक्नु भनेको समाजले नारीप्रति हेर्ने खराब दृष्टिले हो। प्रस्तुत गीतमार्फत् आफ्नो माइतीमा राम्रो भए तापनि बिहे गरेर आएको घरको प्रतिकै कारण अनेक पिडा सहनु परेको र त्यही पिडाले नै उक्त नारीको ज्यान अस्वभाविक रूपमा दुब्लाएको छ भन्ने थाहा गर्न सकिन्छ। यसरी अस्वभाविक रूपमा ज्यान घट्नुको अर्को कारण बिहे गरेर आएपछि बुहारीले गर्नुपर्ने अनेकन रुढीग्रस्त बुहार्तन र श्रीमान बिग्रेपछि बुहारी/श्रीमतीले खप्नुपर्ने अनेकन लाञ्छना नै हुन्। छोरी हुनुको पिडालाई गीतमा यसरी प्रस्तुत गरिन्छः

यता जाउँ भन्छ, उता जाउँ भन्छ केराको पातैले
न घर बस्नु, न माइत बस्नु छोरीको जातैले
(स्रोतः विक 'ख', २०८२)

जसरी केराको पातलाई हावाले हल्लाउँदा यता र उता गर्छ तर कतै पनि गएर स्थिर हुन सक्दैन त्यस्तै छोरी भएर जन्मिए पछि न घरमा बस्न सकिने न माइतीमा बस्न सकिने अवस्थामा पुगिन्छ भन्ने भाव प्रस्तुत गीतमा पाइन्छ। यो पनि महिला भएकै कारण भोग्नु पर्ने समस्या हो। नारीको जीवन केराको पात जस्तै यता जाउँ कि उता जाउँ भन्ने दोधारमा बित्छ। न घरमा राम्रो व्यवहार पाइन्छ न त माइती नै। तसर्थ आफू जन्मिएको घर नै आफ्नो नभएको र जहाँ आफ्नो घर भनेर गयो त्यहाँ पनि राम्रो व्यवहार नभएपछि कता जाउँ भन्ने दोधार, चिन्ताग्रस्त र पिडादायी अभिव्यक्ति यस गीतमा आएको छ। लैङ्गिक उत्पीडनमा पुरुषले नारीमाथि गर्ने उत्पीडन मात्र नभई नारीले नारीमाथि नै गर्ने उत्पीडन पनि पर्छ। सौतेनी आमाले गर्ने उत्पीडनजन्य व्यवहार, सासुले बुहारीलाई गर्ने उत्पीडन जन्य व्यवहार पनि लैङ्गिक तथा नारी उत्पीडन नै हुन्। जस्तैः

स्वामी राजाले दिएको फूल खस्यो नि पानीमा
घरमा हेर्यो सौतेनी सासु माइतीमा सानिमा
(स्रोतः विक 'क', २०८२)

नेपालमा केही अपवादबाहेक सौता भनेपछि शत्रुको व्यवहार गरिन्छ । अझ उनका छोराछोरीलाई पनि उही, शत्रुपूर्ण व्यवहार नै गरिन्छ । प्रस्तुत गीतको अन्तर्यमा माइतमा सैतेनी आमाले सौताको छोरी भनी असल व्यवहार नगर्ने र घरमा पनि सौतेनी साहूले सौतेनी बुहारी भनी अपहेलना गर्ने हुँदा उक्त नारी दोहोरो पिडामा गुज्रनुपरेको भाव प्रस्तुत छ ।

**६.४ पितृसत्तावादले निम्त्याएको समस्याको उजागर**

पुरुष भएकै कारण समाजमा ऊ स्वतः ठुलो, शक्तिवान् र उत्तराधिकारी भैहाल्ने तर नारी सधैँ अबला, पुरुषको भोग्या, दोस्रो दर्जाको पात्र र दयनीय अवस्थामा बाँच्नुपर्ने व्यवस्था नै पितृसत्तावादी व्यवस्था हो । समाजको पितृसत्तात्मक संरचनाका कारणले नारीहरूमा अस्मिता चेत जाग्न नसकेको परिस्थितिमा नारी–नारीका बिचको आपसी सम्बन्ध अधिकांशतः कटु रहने गर्छ ।... पितृसत्तात्मक मूल्य मान्यताको अनुसरण गर्ने पुरुषको नारीप्रतिको दृष्टिकोण कहिल्यै पनि सकारात्मक हुँदैन (त्रिपाठी, सन् २०१२, पृ. ४५) । पितृसत्ताले नारी अस्मितामाथि सधैं प्रश्न चिहन खडा गरी बन्धनमा राख्छ तर पुरुष भने जहिल्यै उच्च र स्वतन्त्र हुनुपर्छ भन्ने भाष्य निर्माण गर्छ । पितृसत्तावादी सोच पुरुषमा मात्रै हुँदैन । जसरी बाहुनवादी सोच अन्य जातजातिमा पनि हुन्छ, त्यस्तै पितृसत्तावादी सोच महिलामा पनि तीव्र रूपमा विकसित हुनसक्छ । यसले समाज वा घरपरिवारमा पुरुषहरुको सिधा हैकम खडा गर्छ ।

शक्तिसंरचना पुरुषकै हातमा लिन्छ । यसर्थ पितृसतावादले निम्त्याएको मूल समस्या नारी समस्या पनि हो । छोरी भएकाले भोग्नु पर्ने समस्या, बुहारी तथा श्रीमती भएकाले भोग्नुपर्ने समस्या, विधुवा भएकाले भोग्नु पर्ने समस्या आदि जस्ता नारी समस्याका पनि अनेक रूप छन् । पुरुषहरूमा अहङ्कारी प्रवृति पनि अर्को समस्या हो । पितृसत्तात्मक समाजमा छोरीले आफू जन्मिएर हुर्केको घर छोडेर कतै बिहे गरी पराइघर जानुपर्ने प्रचलन हाबी छ । जहाँ छोरीलाई आप्mना बाआमाले झैँ व्यवहार र माया नमिल्दा, पराईलाई आफ्नो मान्नु पर्दा, बुहारीलाई हेर्ने दृष्टिकोण फरक हुँदा मनमा अनेक गाँठो पर्छन् । तत्कालै माइती पुगी हालुँ जस्तै हुन्छ तर बर्खाको बेला रोपाइँको चटारोमा त्यो चाहना चाहनामै सिमित बन्न पुग्छ । माइतीको गाउँ टाढाबाट हेर्रै भए पनि नारीहरू मन बुझाउन बाध्य हुन्छन् । यही प्रसङ्गलाई समेटी सिन्धुपाल्चोकमा असारे गीत यसरी गाइन्छः

छुपुमा छुपु धानैमा रोप्ने मास रोप्ने सुइरोले
माइतीको देश हेरी जाऊँ भन्थें छोपिहाल्यो कुइरोले
(स्रोतः विक ‘ग’, २०८२)

समाजमा धानको बिउ रोप्ने र खेतको आलीमा मास रोप्ने काम प्राय महिलाहरूले नै गर्छन् । यस असारे गीतमा अन्त कतैबाट बिहे गरेर आएकी नयाँ बुहारीको मनोभावना लाई प्रस्तुत गरिएको छ । असार–साउनको बेला धान रोपी सक्दा नसक्दै हिलो आलीमा मास रोप्ने चटारो हुन्छ । पराइ घरसा आएर बुहार्तन बेहोर्दा र खेतीकिसानीमा उस्तै खटिंदा ती बुहारीलाई आफ्नी आमा र माइतका साथीसङ्गीको यादले सताउँछ । अहिल्यै त्यहाँ पुगी हालुँ जस्तो हुन्छ तर के गर्नु बुहारी मान्छे घरमा काम असरल्लै छोडेर आफू खुसी हिंड्न पनि नमिल्ने । तसर्थ माइती जान नपाए पनि आफ्नो माइती बसेको गाउँ हेर्रै भए पनि मन बुझाउन खोज्दा कुहिरोले छेकी दिएको र आप्mनो इच्छा अधुरै रहेको मार्किक भाव यस गीतमा प्रस्तुत भएको छ ।

पितृसत्तात्मक समाजमा प्राय नारीहरू पुरुषको आश्रयमा बाँच्नु पर्ने विवशता रहन्छ । पुरुषले आर्थिक जिम्मा अघोषित रूपमै लिएको हुन्छ । घरमा कमाउने पुरुष नभएपछि महिलाहरूले भोग्नु परेको समस्यालाई गीतमार्फत यसरी प्रस्तुत गरिन्छः

छुपुमा छुपु धानमा रोप्ने हातमा बिउ छउन्जेल
मिठो नै खान्थेँ राम्रो नै लाउँथेँ बुबाको जिउ छउन्जेल
(स्रोतः घतानी, २०८२)

प्रस्तुत गीतमा घरमा कमाउने पुरुष बुबा हुँदा राम्रो लगाउन, मिठो खान पाएको अर्थात् एक किसिमको सुखमय जीवन बाँच्न पाएको तर बुबा बितेपछि खानालगाउनसमेत मुस्किल भएको पिडालाई व्यक्त गरिएको छ । बिहे गरेर पराइघर गएपछि माइतीघरमा जस्तो काम गर्न सहज नभएको र अनेकन् पिडा सहनु भन्दा मर्नु नै सहज होला भन्ने भावलाई गीतमा यसरी गाइन्छः

बारमा हाते पटुकी मेरो गज हेर्दा गजिलो
बाबाले दिए खोलाको छेउमा मर्नलाई सजिलो
(स्रोतः विक 'ख', २०८२)

यस गीतमा पुरुषले नारीमाथि हैकम जमाएको र आफ्नो इच्छा नभए पनि बाबाले इच्छाएको केटासँग बिहे गरेर बस्नुपर्दाको पिडामय भावलाई व्यक्त गरिएको छ । यस गीतका अनुसार छोरीले खोला छेउमा घर भएको केटासँग बिहे गर्न नचाहेको तर बुबाको निर्णय स्विकार्नैं पर्ने बाध्यताले बिहे गरेर आएको तथ्य थाहा गर्न सकिन्छ । यसरी उक्त नारीमा मन नपरेको मान्छेसँग बस्नु र मन नपरेको ठाउँमा दुःख गर्नु भन्दा मर्नैं सहज हुन्छ भन्ने भाव आएको छ ।

### ६.५ सामाजिक तथा सांस्कृतिक पहिचानको खोजी

सिन्धुपाल्चोक जिल्लामा गाइने असारे गीतले यहाँ प्रचलित लोक रीतिरिवाज, चालचलन, लोकविश्वास, सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता र व्यवस्था आदिलाई प्रस्तुत गरेको छ । असारे गीत भएको हुँदा असार–साउनमा गरिने रोपाईसँग सम्बन्धित सामाजिक तथा सांस्कृतिक मूल्य प्रस्तुत र विषयवस्तुको उठान यसमा गरिएको पाइन्छ । जस्तैः

फरिया लाउने तिरी पन्ध्र हातको चोली लाउने गौनैको
वैरागी डाँडो छोडी गएपछि छैन माया कौनैको
(स्रोतः गिरी, २०८२)

माथिको असारे गीतबाट सिन्धुपाल्चोकको लोकसमाजमा महिलाहरूले पन्ध्र हात लामो फरिया र गउनको चोली लगाउने प्रचलन रहेको थाहा गर्न सकिन्छ । अहिले पन्ध्र हात लामो फरिया र गउनको चोली लगाउने वर्षमा एकदिन कल्चरल ड्रेसका नाउँमा लगाइन्छ तर पहिला सधैँभरी महिलाहरूले यसलाई लगाउँथे । यो नेपाली समाजको पहिचान दिने पोषाक हो । यस्तो पोषाका लगाउने हाम्रो संस्कृतिलाई जोगाउनु आवश्यक छ । असार–साउनमा मनसुनी वर्षा हुन्छ । गड्याङ्गुडुङ गर्दै दर्के झरी पर्छ । त्यस बेला हाम्रो समाजमा रेनकोट होइन घुम ओढ्ने सामाजिक प्रचलन थियो भन्ने कुरालाई गीतमार्फत यसरी गाइन्छः

आकाशले गर्यो गड्याङ र गुडुङ खोलाले गर्यो दुङ
असारको चिनो पठाइदेऊ आमा माछी है काँडे घुम
हो होरी हो हो हो, ए हो हो हो हो हो हो

असारको चिनो पठाइदेऊ आमा माछी है काँडे घुम
(स्रोतः विक 'घ', २०८०)

माथि प्रस्तुत गीतमा सिन्धुपाल्चोकको लोक समाजमा आमाले बिहे गरेर गएकी आफ्नी छोरीलाई असारमा चिनो स्वरूप बाँस वा निगालाको चोयाले बुनेको र पातले ढाकेको माछीकाँडे घुम उपहार पठाइदिने प्रचलन रहेको तथ्य प्रकट भएको छ। खेतीपाती गर्ने पनि एउटा बेला हुन्छ र त्यही बेला समयमै खेतीपाती सुररू गरी समयमै फत्ते पनि गर्नुपर्छ भन्ने सामाजिक बुझाइ रहेको छ। जसलाई गीतमार्फत यसरी प्रस्तुत गरिन्छः

असारमा हो रोप्नी मङ्गसिर काट्नी छिटै मेलो सारनी
आइछु म त मेला गाइछु मैले गीत किन हो र ढाँटनी
(स्रोतः विश्वकर्मा, २०८२)

यस गीतमा विशेषतः असारमा धान रोप्ने र मङ्सिरमा काट्ने अर्थात् बाली भित्र्याउने चलन रहेको भाव व्यक्त गरिएको छ। बेला घड्की सकेपछि गरेको काम राम्रो हुँदैन भन्ने लोकविश्वास पनि यस गीतको अन्तर्यमा रहेको बुझिन्छ। यस्तै श्रमप्रति सम्मान गर्नुपर्छ, ढाँट्ने, छल्ने कार्य गर्नु हुँदैन भन्ने सामाजिक नैतिक मूल्यमान्यता पनि यहाँ आएको छ। यस्तै रोपाई गर्दा शरीर थाक्छ उक्त थकाई भुलेर ताजा हुन धान राप्दै आसारे गीत गाइने प्रचलन रहेको तथ्यलाई पनि यहाँ अभिव्यक्त गरिएको छ।

हाम्रो लोकव्यवहारमा साहुको घरबाट अन्नपात लैजाँदा साहूले पैसा लिन नमान्ने र अन्नपातको सट्टा असारमा धान रोप्न जानुपर्ने प्रचलन कायम छ। जसलाई सिन्धुपाल्चोकको समाजमा गीतमार्फत यसरी प्रस्तुत गरिएको पाइन्छः

असारे झरी साहूको मेला धान रोप्न आएको
धान रोप्न आएको
तिर्नलाई पर्म आएको मेला हिउँदमा खाएको
हो हो री हो हो हो, होहोरी हो हो हो
तिर्नलाई पर्म आएको मेला हिउँदमा खाएको
(स्रोतः घतानी, २०८२)

हिउँदमा अनिकाल पर्दा साहूले धान, चामल, कोदो, मकै दिएर गुन लगाएको हुन्छ। त्यसको बदला असारमा उसको खेतमा धान रोप्न जानुपर्छ। आज झरी परेको छ, अल्छी लाग्यो, थकाइ लाग्यो भन्ने छुट किसानलाई हुँदैन। असारे झरीमा मेला गई दुःख गर्न सके मात्रै फेरि अर्को हिउँदको अनिकालमा भोकै मर्नुपर्दैन तसर्थ काम गर्न जानै पर्छ भन्ने भाव यहाँ प्रस्तुत गरिएको छ। यस गीतबाट एकले अर्कालाई गाह्रोसारो पर्दा सहयोग गर्नुपर्छ भन्ने नैतिक सन्देश पनि दिएको छ।

### ६.६ प्रकृति र श्रमप्रति सम्मान भाव प्रकट र सघर्षको निरन्तरता

प्रकृति मान्छेको जीवनदायिनी हो। यदि यो प्रकृति हुँदैनथ्यो भने मानिसको अस्तित्व पृथ्विमा हुने थिएन अर्थात् मान्छेको उत्पत्तिनै हुँदैनथ्यो। यसर्थ प्रकृतिको सम्मान स्वरूप किसानहरूले नदी, पानी, जङ्गल आदिलाई पुजा गर्ने गर्दछन्। यस्तै मानिसको जीवनको अस्तित्व सङ्घर्षशील निरन्तरको कर्ममा हुन्छ। अर्थात् जो सङ्घर्ष गर्न सक्दैन ऊ

बाँच्न सक्दैन । सिन्धुपाल्चोक जिल्लाका समाजमा श्रमको सम्मान गर्दै जीवन बाँच्नकै लागि सङ्घर्ष गर्ने श्रमजीवि किसानहरूको जीवनकथालाई असारे गीतमार्फत यसरी प्रस्तुत गरिन्छः

न कसलाई था' छ, न हाम्लाई था'छ कुन दिन मर्नु छ
एक मुठ्ठी सास रहुन्जेल ज्यानमा दुखैमा लड्नु छ
(स्रोतः विक 'ङ', २०८२)

प्रस्तुत असारे गीतमा मान्छेको मृत्यु कि यही दिनमा हुन्छ भन्ने निश्चित छैन । यद्यपि ज्यानमा एकमुठ्ठी सास रहुन्जेल सङ्घर्ष गर्न छोड्नु हुँदैन भन्ने भाव व्यक्त गरिएको छ । यस्तै मानिसको जीवनमा दुःखपछि आउने सुख नै हो, तसर्थ सुखभोग गर्ने चाह भए दुःखसँग डराएर हुँदैन, त्यसको सामना गर्न सक्नुपर्छ भन्ने विचार गीतमा प्रकट भएको छ ।

मान्छे सुन्दर उसले गर्ने श्रम र श्रमप्रतिको आदरभावले हुन्छ । श्रमजीवि किसानका लागि झरी पर्नु वा हिलोमा खेल्नु सुन्दर कर्म हो (सङ्गीतश्रोता, २०७०, पृ. २८०) । यसर्थ आसारको बेला झरीमा रुझ्दै, भिज्दै, हिलो खेल्दै सबै मिलेर रोपाइँ गर्नुपर्छ । समयमै खेतिपाती गर्नु किसानको श्रमप्रतिको सम्मान र कर्तव्य पनि हो भन्ने भावका असारे गीतहरू पनि सिन्धुपाल्चोकमा गाउने प्रचलन छ । जस्तैः

पल्लो घरे साइलो अनि आइछ माइलो बाउसे गर्छन् हिलोमा
रोपारले रोप्छन्, हिलोमा हात चोप्छन् सक्छन् मेलो बेलौमा
(स्रोतः विश्वकर्मा, २०८२)

प्रस्तुत गीतको अन्तर्यमा तँ यस्तो तँ उस्तो भनी नछुट्याइकन महिलापुरुष, छरछिमेकी सबै मिली खेती लगाउनु नै किसानको मूल धर्म हो भन्ने भाव निहित छ । यस गीतमा प्रकट भएको गाउँका साँइलो, माइलो सबै मिलेर आलिबाउसे गरेपछि फोहोर भनी घिन नमानी रोपारहरूले हिलोमा हात चोप्दै धानको बिउ रोपेर आफ्नो कर्तव्य बेलैमा पुरा गर्छन् भन्ने भावले प्रकृति र श्रमप्रतिको सम्मान झल्काउँछ । प्रकृतिले कसैलाई पनि ठुलो–सानो, उच–नीच भन्दैन तसर्थ कसैले कसैलाई होचिअर्घेली गर्नु हुँदैन भन्ने भावयुक्त असारे गीत पनि सिन्धुपाल्चोकमा प्रचलित छ । जस्तैः

नगरे हेला सबइ आफ्नो कर्मले खानु छ
जन्मदा एक्लै संसार बेग्लै मरी के लानु छ
(स्रोतः विक 'ङ', २०८२)

हामी सबै एक्ला एक्लै जन्मिएका हौं र मरेर जाँदा पनि साथमा केही लैजान सक्दैनौं तसर्थ जतिन्जेल बाँचिन्छ, सबैसँग राम्रो व्यवहार गर्नुपर्छ भन्ने भाव प्रस्तुत गीतमा रहेको छ । एकले अर्कालाई सहिष्णु व्यवहार र सम्मानपूर्ण व्यवहार गर्न सके त्यो नै असल कर्म हुन्छ । हामी सबैले आआप्mनै कर्म गरेर खाने हो । आआफ्नो जीवन सङ्घर्ष गरेर जिउने हो । तसर्थ कसैले कसैलाई हेलाहोची गर्ने, विभेदजन्य व्यवहार गर्ने कार्य नगरौं भन्ने भाव गीतमा सशक्त रूपमा प्रकट भएको छ ।

**६.७ मानवीय जीवनलाई सुखी र खुसी बनाउने चाहना प्रकट**

यो संसारमा दुःखनै दुःख छ । मानिस यी दुःखहरूबाट मुक्त भई सुखी जीवन बाँच्न चाहन्छ । त्यसका लागि खुसी र सुखी हुने अनेकन उपायहरूको खोजी गर्छ । त्यही उपाय स्वरूप जन्मेका श्रम गीतहरू पनि हुन् । मूलतः श्रमगीतहरू श्रमगर्दाका पिडा भुलाउन र काम गर्ने थप ऊर्जा प्राप्त गर्ने चाहना स्वरूप बनाइएका हुन्छन् । यसर्थ सिन्धुपाल्चोकमा

प्रचलित असारे गीतमा पनि मानवीय जीवनबाट दुःख हटेर खुसी फुलोस् भन्ने भाव समेटिएको पाइन्छ । खोज्न सके अनगिन्ती दुःखहरूभित्रै सुखको मुना पलाएका हुन्छन् भन्ने भावलाई गीतमार्फत यसरी प्रस्तुत गरिन्छः

यो बित्यो भन्दा त्यो बित्यो भन्दा जीवनै रित्तिन्छ
भेट हुँदा सबलाई हाँसेर बोल संसार जितिन्छ
(स्रोतः विक 'ङ', २०८२)

जीवन बाँच्न सङ्घर्ष अनिवार्य छ । सङ्घर्षको दौडानमा मान्छे कहिल्यै फुर्सदिलो हुँदैन । सबैलाई हतारै हतार छ । यही हतारै हतारमा एकदिन मानिसको जीवनलिला समाप्त हुन्छ । यही हतारै हतार, पिरैपिरको संसारबाट आफूलाई मुक्त गर्न अन्त कहीं जानु पर्दैन, मात्र हामीले भेट्ने साथीभाइ, इष्टमित्रहरूसँग मुसुक्क हाँसेर मिठो वचन बोल्न सक्नु पर्छ । हाँसेर मिठो बोल्दैमा हाम्रो केही सिद्धिदैन बरू हाम्रो जीवनमा थप हाँसो, खुसी र ऊर्जा मिल्छ । जसबाट हामीले सजिलै सुखको संसार जित्न सक्छौँ भन्ने भाव प्रस्तुत गीतमा रहेको छ । यसै गरी मानवीय जीवनलाई सुखी र खुसी बनाउनका निम्ति सामुहिक कार्यमा सहभागी हुने, साथीभाइहरूबिच रमाइलो गर्ने गर्नु पर्छ भन्ने भाव बोकेका गीत पनि सिन्धुपाल्चोकमा प्रचलित छ । जस्तैः

पानीलाई पर्यो रिमी र झिमी घाम लागेर घमाइलो
जता र जान्छन् हाम्रा साथीहरू उतै हाम्लाई रमाइलो
कर्कलाको गाभा कठै मेरो बाबा
उतै हाम्लाई रमाइलो
(स्रोतः गिरी, २०८२)

यसरी किसानहरू वर्षसमासमा रोपाइँले थाकेको बेला साथीभाइसँग समय बिताएर रमाइलो अनुभव गर्नु, मन र शरीरमा पिडा भए तापनि सबैसँग हाँसेर बोल्नुर्पछ भन्ने सोच राख्नु र व्यवहार गर्नु भनेको जीवनलाई सुखी र खुसी बनाउने चाहना नै हो । यस गीतमा जीवनका निराशा कुण्ठा, पिडा र अँध्यारा पाटाहरूबाट मुक्त हुन सामुहिकतामा संलग्न हुनुपर्छ र एक अर्कामा दुःखसुख साट्नु पर्छ भन्ने भावसमेत रहेको पाइन्छ ।

## ७. निष्कर्ष

सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा प्रगतिशीलताको खोजी गर्नु यस अध्ययनको मुख्य विषय हो । यसै सन्दर्भमा सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतमा के कस्तो प्रगतिशील चेत कसरी प्रयोग भएको पाइन्छ भन्ने मूल समस्या यस अध्ययनमा रहेको छ । यहाँ प्रगतिवादी सिद्धान्तबाट सैद्धान्तिक आधार तय गरिएको छ । यसै सैद्धान्तिक अवधारणको आलोकमा वर्गीय उत्पीडनको प्रस्तुति, जातीय तथा लैङ्गिक विभेदको प्रस्तुति, पितृसत्तावादले निम्त्याएको समस्याको उजागर, सामाजिक तथा संस्कृतिक पहिचानको खोजी, प्रकृति र श्रमप्रति सम्मान भाव प्रकट र सङ्घर्षको निरन्तरता, मानवीय जीवनलाई खुसी र सुखी बनाउने चाह प्रकट गरी यी छओटा पक्षबाट सिन्धुपाल्चोक जिल्लामा प्रचलित असारे गीतको अध्ययन गरिएको छ । सिन्धुपाल्चोक जिल्लामा रोपाईं गर्दा आसारे भाकामा वर्गीय उत्पीडनलाई प्रस्तुत गर्ने गरिएको छ । असमान अर्थव्यवस्थाका कारण आर्थिक समस्या झेल्नु परेको, विदेशिनु परेको, भोकभोकै मेलापात गर्न बाध्य भएको, छरछिमेकीले गरिब भनेर होचिअर्घेली गर्ने गरेको आदि जस्ता तितो यथार्थलाई गीतमार्फत गाइन्छ । वर्गीय समस्याले लोकजीवनमा पारेको असरलाई यथार्थरूपमा गीतमार्फत प्रस्तुत गरिन्छ । यस्तै यस क्षेत्रमा गाइने असारे गीतमा

जातीय तथा लैङ्गिक विभेदको प्रस्तुति पाइन्छ । समाजमा जातीय र लैङ्गिक विभेद व्याप्त भएका कारण मानिस मानिसबिच फाटो आउनुका साथै मान्छेले मान्छे झैँ बाँच्न पाएका छैनन् भन्ने भाव बोकेका गीत सिन्धुपाल्चोकका लोक जनजिब्रोमा कण्ठस्थ रहेको छ । यस्तै यस क्षेत्रका असारे गीतमा पितृसत्तावादले निम्त्याएको समस्याको चित्रण गरिएको पाइन्छ । यस्तै यहाँ गाइने असारे गीतको अन्तर्यमा सामाजिक तथा सांस्कृतिक पहिचानको भाव भेटिन्छ । गीतमार्फत लोकसमाजमा रहेको विभिन्न लोकविस्वास, चालचलन, सांस्कृतिक मूल्य मान्यता र सामाजिक व्यवस्था, रीतिथितिलाई प्रस्तुत गरिएको पाइन्छ । प्रकृतिलाई मानिसको जीवनदायिनी मान्दै मानिस प्रकृतिसँग सङ्घर्ष गरेरै बाँच्जु पर्ने, मान्छे सुन्दर श्रम र श्रमप्रति को विस्वास र सम्मानले हुने र निरन्तरको कर्ममा रमाउनु पर्ने र यो नै मानिसको दायित्व हो भन्ने भावका असारे गीत प्रशस्त मात्रामा गाइने हुँदा सिन्धुपाल्चोकमा गाइने असारे गीतमा प्रकृति र श्रमप्रति सम्मान भाव प्रकट गर्दै सङ्घर्षलाई निरन्तरता दिएको देखिन्छ । यसै गरी मानवीय जीवनलाई सुखी र खुसी बनाउन सामुहिक कार्यमा जुट्नु पर्छ, एक अर्कामा रिसराग राख्नु हुँदैन, साथीभाइहरू मिलेर रमाइलो गर्नुपर्छ, एकआपसमा सुखदुःख साटासाट गर्नुपर्छ, एकले अर्कालाई सम्मानपूर्ण व्यवहार गर्नुपर्छ आदि भन्ने भाव प्रकट गर्दै असारे गीमा मानवीय जीवनलाई सुखी, खुसी तथा सुन्दर बनाउने चाहना प्रस्तुत गरिएको छ । अतः सिन्धुपाल्चोक जिल्लाको लोकसमाजमा गाइने असारे गीतमा प्रगतिशीलचेत सशक्त रहेको छ ।

## सन्दर्भ सामग्री सूची


१. अधिकारी, भरतमोहन (२०७३). माक्र्सवादको पहिलो पुस्तक. (तेस्रो संस्क.), काठमाडौंः खोजी प्रकाशन ।
गिरी, जीवेन्द्र देव (२०७२). नेपाली लोकवार्ता. काठमाडौंः नेपाल प्रज्ञा–प्रतिष्ठान ।

२. घले, गजे (सन् २०२१). कृषि सभ्यताका आकर्षक पक्ष असारे गीत र बेठी बाजा, (सम्पादकीय). *Sahityssagar.net*, July 9.

३. ढकाल, घनश्याम (२०८०). माक्र्सवादी सौन्दर्यशास्त्रको विवेचना. सम्पा. निनु चापागाईं र बन्दना ढकाल. काठमाडौंः ढकाल सांस्कृतिक प्रतिष्ठान ।

४. त्रिपाठी, सुधा (सन् २०१२). नेपाली उपन्यासमा नारीवादः पद्धति र प्रयोग. काठमाडौँः भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

५. पराजुली, कृष्णप्रसाद (२०७८). असार र असारे गीतको महत्त्व. *Voiceofkathmandu.com .*

६. पराजुली, मोतीलाल र जिवेन्द्रदेव गिरी (२०६८). नेपाली लोकसाहित्यको रूपरेखा. (दोस्रो संस्क.), ललितपुरः साझा प्रकाशन ।

७. पाण्डेय, ताराकान्त (२०८२). माक्र्सवादी साहित्य र संस्कृति चिन्तन. काठमाडौंः भुँडीपुराण प्रकाशन ।

८. पौड्याल शिवप्रसाद (२०७९). लोकसाहित्यको अध्ययनका प्रमुख पद्धति. रत्न बृहत् नेपाली समालोचना भाग–३, सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौंः रत्न पुस्तक भण्डार ।

९. पौड्याल, सालिकराम (सन् २०२१). रूपन्देही जिल्लामा प्रचलित लोकगीतको अध्ययन. *Butwal Campus Journal.* 4(1-2), Pp. 147-160, July-December.

१०. बुढाथोकी, सिन्धु जलेसा (२०७८). असारमा कृषि कर्म र असारे गीतको सान्दर्भिकता. *Onlinekhabar. Com,* असार २१ ।

११. भण्डारी, जगदीशचन्द्र (२०७५). सौन्दर्यको अन्वीक्षण. काठमाडौंः मुन्नी भण्डारी ।

१२. भट्टराई, प्रभा (२०८०). असारे गीत एक जीवन्त साहित्य. Gorkhapatraonline.com, असार १६ ।

१३. भट्टराई, रमेशप्रसाद (२०७८). आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्‌िगक र जातीय) विश्लेषण. काठमाडौंः भुँडीपुराण प्रकाशन।

१४. लामिछाने, कपिलदेव (२०७७ क). लोकसाहित्य सिद्धान्त. काठमाडौंः नेपाल प्रज्ञा–प्रतिष्ठान।

१५. लामिछाने, मनोहर (२०७७ ख). खसानी लोकगीतमा प्रगतिशीलता. *www.neaplisahityaghar.Com*, फाल्गुन २९।

१६. सङ्गीत श्रोता (२०७०). दलित सौन्दर्यशास्त्रका आधार. दलित सौन्दर्यबोध. सम्पा. राजेन्द्र महर्जन, ललितपुरः समता फाउन्डेसन।

१७. सिटौला, राममणि (२०८१). असारे गीतमा झल्किएको कृषि समाज. Nepalsamaya.com, असार १०।

## परिशिष्ट

यस अध्ययनमा प्रयुक्त तिज गीतका सामाग्री सङ्कलनको अवधि २०८२ असार पहिलो हप्तादेखि भदौ पहिलो हप्तासम्म रहेको छ । तिज गीतका स्रोतव्यक्तिको विवरण दिइएको ठेगाना बमोजिम छ र स्रोतव्यक्तिको उमेर सामाग्री सङ्कलनकै अवधिको हो ।

१. केसरी विक 'ग' (२०८२), जुगल गापा÷नपा., वडा नं. ६, हगाम, सिन्धुपाल्चोक, वर्षः ३७, शिक्षाः साधारण (साक्षर), पेसाः गृहिणी ।

२. गङ्गामाया गिरी (२०८२), मेलम्ची गापा÷नपा., वडा नं. ६, दुवाचौर, सिन्धुपाल्चोक, वर्षः ५५, शिक्षाः निरक्षर, पेसाः गृहिणी ।

३. चिनीमाया विक 'ख' (२०८२), जुगल गापा÷नपा., वडा नं. ७, याङ्लाकोट, सिन्धुपाल्चोक, वर्षः ५७, शिक्षाः निरक्षर, पेसाः गृहिणी ।

४. जयलाल विक 'क' (२०८२), जुगल गापा÷नपा., वडा नं. ७, याङ्लाकोट, सिन्धुपाल्चोक, वर्षः ३४, शिक्षाः माध्यमिक तह उत्तिर्ण, पेसाः प्लम्बर ।

५. तारा विक 'ङ' (२०८२), चौतारा साँगाचोकगढी गापा÷नपा., वडा नं. ३, गैरीगाउँ, सिन्धुपाल्चोक, वर्षः ३७, शिक्षाः साधारण, पेसाः गृहिणी ।

६. धनकुमारी विक 'घ' (२०८२), चौतारा साँगाचोकगढी गापा/नपा., वडा नं. ३, गैरीगाउँ, सिन्धुपाल्चोक, वर्षः ५०, शिक्षाः निरक्षर, पेसाः गृहिणी ।

७. मैया विश्वकर्मा (२०८२), चौतारा साँगाचोकगढी गापा/नपा., वडा नं. ३, गैरीगाउँ, सिन्धुपाल्चोक, वर्षः ३०, शिक्षाः माध्यमिक तह उत्तिर्ण, पेसाः कृषि ।

८. सफलता घतानी (२०८२ ), जुगल गापा/नपा., वडा नं. ७, याङ्लाकोट, सिन्धुपाल्चोक, वर्षः ३०, शिक्षाः माध्यमिक तह उत्तिर्ण, पेसाः हाल छैन (बैदेशिक रोजगार) ।